# प्रेस-बिज्ञप्ती

## चीन अन्तराष्ट्रिय गलैचा प्रर्दशनीमा नेपालको सहभागिता

चीनको छिंगाई प्राप्तको शिनिङ्ग शहरमा यही जुन 2-6, 2018 मा आयोजना हुन गईरहेको “China International Carpet Exhibition”, मा नेपाली उद्योगी व्यवसायीले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहयोग एवं सहजीकरणमा सहभागिता गर्ने भएको छ। नेपाल गलैचा निकासीकर्ता संघ, केन्द्रीय गलैचा उद्योग संघ र हस्तकला महासंघमा आवद्ध करीब दुई दर्जन नेपाली व्यवसायीहरुले नेपालका निर्यातयोग्य बस्तुहरु हस्तकला, गलैचा, ऊनी कपडा, पश्मिना, थान्का, मुर्ति एवं परम्परागत तिब्बतियन एवं चिनियाँ बजारमा माग हुने बस्तुको मेलामा सहभागिता रहनेछ।

China Tibet Carpet Association ले सन् २००४ देखी शुरु गरेको उक्त मेलामा विगतमा गलैचा व्यवसायीहरु सहभागी हुने गरेकोमा गत वर्षदेखि आयोजकले मेलामा प्रदर्शन गरिने वस्तु विविधीकरण गरेकोले नेपालबाट समेत विभिन्न हस्तकलाद्वारा निर्मित वस्तुहरुसँग सम्बन्धित व्यवसायीहरु समेत सहभागी हुने गरेका छन्। यस प्रर्दशनीमा करीब २७ राष्ट्रको सहभागिता रहने भएकोले यसमा व्यापार सूचना प्रविधिको सहायताबाट नेपाली गलैंचाको प्रचार-प्रसार तयारी प्रकृया, गुणस्तर, नेपाली हस्तनिर्मित गलैचाका उत्कृष्ट नमुना प्रर्दशनी गर्नुका साथै राष्ट्रको मौलिक पहिचान झल्काउने हस्तकलाजन्य वस्तु समेतको प्रर्दशनीमा सहभागिता रहनेछ।

केन्द्रले नेपाली व्यवसायी, संघ एवं महासंघहरुसँग समन्वय गरी नेपालको सहभागिता प्रभावकारी रुपमा सम्पन्न गर्न व्यवसायीलाई मिति २०७५/०२/१५ गते केन्द्रमा उपस्थित गराई मेला सम्बन्धी आवश्यक जानकारी दिनुका साथै मेला स्थलमा नेपाली वस्तुहरुको प्रर्दशनको बारेमा आगन्तुक एवं आयातकर्ताहरुसंग गरिने व्यवहार र पहिरन साथै मेलाको समयमा प्राप्त जानकारी एवं बिक्रीको सूचना समेत राखी मेला समाप्ती पश्चात् प्रतिवेदन प्रस्तुतीकरण बारे छलफल एवं सल्लाह सुझाव दिइएको थियो। नेपाल लगायत इरान, भारत, टर्की, उज्वेकिस्तान, अफगानिस्तान, एवं पाकिस्तान जस्ता प्रतिस्पर्धी व्यवसायीहरुको उपस्थिति हुने उक्त मेलामा नेपाली व्यवसायीहरुले प्रतिस्पर्धा गर्न गुणस्तरमा ध्यान पुर्‍याउनु पर्ने, मेलामा आ-आफ्ना वस्तुको विशेषताका बारेमा सभ्य एवं शिष्ट भाषा, दोभाषेद्वारा वस्तु वित्रि्क गर्न सक्ने र मेलाका वहुआयामिक पक्ष बारेमा जानकारी दिदै, केन्द्रका नायव कार्यकारी निर्देशक श्री तेज सिँह विष्टज्यूबाट केन्द्रको स्टल भाडामा आंशिक आर्थिक सहयोग समेत रहने र  उक्त मेलामा सफलतापूर्वक सहभागिता गर्न शुभकामना दिनुभएको थियो। साथै उक्त प्रदर्शनीमा B2B meeting एवं दुई पक्षीय व्यापार लगानी र नेपाल चीन व्यापारको सहजीकरण एवं सहयोगका बारेमा छलफल गरिने कार्यक्रम रहेको छ।

**मिति :-२०७५/२/१६**




मेलामा सहभागिता जनाउने सहभागिहरु संग केन्द्रमा छलफल तथा अन्तर्कृया ।